प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४-४२०११३
वेवसाइट:gorkha.akc.gov.np
Email: akcgorkha@gmail.com

पत्र संख्या: ०७९/८०
सूचना नं: १

## प्रस्तावना आव्हान सम्वन्धी सूचना

कार्यक्रम संचालनका लागि आवेदन पेश गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति:२०७९/०४/२४)

कृषि ज्ञान केन्द्र, गोरखाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न ईच्छुक गोरखा जिल्ला भित्रका कृषक, कृषि फर्म, कम्पनी, कृषिसंग सम्वन्धित समुह तथा सहकारीहरुले सूचना प्रकाशन भएको मितिले ३०(तिस) दिन भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित देहाय अनुसारका कागजातहरु र निवेदन कृषि ज्ञान केन्द्र, गोरखामा पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

क) कृषक, कृषि फर्म तथा कम्पनी, कृषिसंग सम्बन्धित समुह तथा सहकारीले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण:

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बाँझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन अनुदान | प्रति रोपनि रु.५०००।- अनुदान उपलब्ध गराईनेछ। | ५ हेक्टर | विविध कारणले कम्तिमा ३ वर्ष देखि बाँझो रहेको न्यूनतम ३ रोपनी क्षेत्रफल भएको जग्गा हुनुपर्ने। |
| २ | बाली विमा शुल्कमा अनुदान कार्यक्रम | कुल विमा शुल्कको २०% प्रतिशत | २ पटक | आ.व. २०७९/८० मा कृषि सम्वन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन्। |
| ३ | क्षेत्रफलका आधारमा तरकारी खेतीमा प्रोत्साहन अनुदान कार्यक्रम | व्यवसायिक तरकारी खेती गरे वापत प्रति रोपनि रु.३०००।- | ८ हेक्टर | कम्तिमा १ रोपनि भन्दा वढी क्षेत्रफलमा वा न्यूनतम २०० वर्गमिटर क्षेत्रफलको प्लाष्टिक घरभित्र वार्षिक कम्तीमा २ सिजन तरकारी खेती गर्नुपर्नेछ। |
| ४ | साना व्यवसायीक कृषि फर्म स्थापना कार्यक्रम | कुल लागतको वढिमा ५०% सम्म अनुदान। | ४० (संख्या) | फलफूल वालीको हकमा १० रोपनी तथा संरक्षित संरचना भित्र २०० वर्ग मिटर, तरकारी/पुष्पखेतीको हकमा ५ रोपनी, च्याउ खेतीको हकमा १००० वर्गफिट, मौरीपालनको हकमा कम्तीमा ३० वटा गोलासहिको घार, अलैंची र चियाको हकमा कम्तीमा २० रोपनी र कफी, अदुवा तथा वेसार र अन्य नगदेवालीको हकमा कम्तीमा १० रोपनी क्षेत्रफलमा व्यवसायीक खेती गर्नुपर्नेछ। |
| ५ | फलफूल नर्सरी तथा स्रोत केन्द्र स्थापना कार्यक्रम | कुल लागतको वढिमा ५०% सम्म अनुदान। | १ (संख्या) | नर्सरी घरमा न्यूनतम २००० वहुवर्षे फलफूल विरुवा, सेल ट्रे वा प्लाष्टिक ट्रे र खुल्ला अवस्थामा न्यूनतम २०,००० मौसमी तरकारी विरुवा/वेर्ना उत्पादन गरेको हुनुपर्नेछ।अन्य कुराहरु यस कार्यक्रम संचालन मापदण्ड, २०७७ वमोजिम हुनेछ। |
| ६ | मसलावाली विकास कार्यक्रम | कुल लागतको वढिमा ५०% सम्म अनुदान। | ५ हेक्टर | कृषि फर्म/कम्पनीको हकमा २० रोपनी, कृषक समुह/सहकारीको हकमा ५० रोपनी क्षेत्रफलमा अलैंची, अदुवा, वेसार, लसुन, प्याज र पिरो खुर्सानी खेती गर्नुपर्नेछ। |
| ६ | वीउ उत्पादन कार्यक्रम | कुल लागतको वढिमा ५०% सम्म अनुदान। | १० हे. | पहाडको हकमा ५ रोपनी क्षेत्रफलमा खाद्यान्नवाली, आलु,दलहन, तेलहन वालीको वीउ उत्पादन गर्नुपर्नेछ। |

ख) कृषिसंग सम्वन्धित समुह तथा सहकारीहरुले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरण:

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | साना सिँचाई कार्यक्रम संचालन (सिँचाई प्रणाली निर्माण) | स्वीकृत वजेटको परिधिमा रही कूल लागतको वढीमा ९०% सम्म। | २५ (संख्या) | कुलो निर्माण, सिमेन्ट पोखरी, प्लाष्टिक पोखरी, वोरिङ्ग, पाईप, पाईप विस्तार, लिफटिङ्ग ईनार, साना बाँध निर्माण, थोपा सिँचाई, स्प्रिङ्कल सिँचाई तथा आधुनिक सिँचाई निर्माण वाट कम्तीमा १० रोपनी क्षेत्रफल जमिन सिँचित हुनुपर्ने। |
| २ | आलु खेती प्रवर्धन विशेष कार्यक्रम | कूल लागतको वढीमा ९०% सम्म। | २० हेक्टर | क्लष्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलुखेती विस्तार गर्नुपर्नेछ। |
| ३ | क्लष्टरमा रैथानेवाली संरक्षण कार्यक्रम | कूल लागतको वढीमा ९०% सम्म। | ३(संख्या) | क्लष्टरमा कम्तीमा १५ रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई जौ, कोदो, फापर, उवा, कागुनो, लट्टे, सिमी आदी खेती विस्तार गर्नुपर्नेछ। |

परशुराम अधिकारी
कार्यालय प्रमुख

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, गोरखा
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६४-४२०११३
वेबसाइटः gorkha.akc.gov.np
Email: akcgorkha@gmail.com

पत्र संख्याः ०७९/८०

क) कृषिसंग सम्बन्धित समुह तथा सहकारीहरुले प्रस्ताव पेश गर्न मिल्ने कार्यक्रमहरुको विवरणः

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|
| ४ | विशेष वाली प्रवर्धन कार्यक्रम | कूल लागतको बढीमा ९०% सम्म। | २० हेक्टर | क्लष्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई उच्च सम्भावना बोकेका बालीहरु तोरी, सूर्यमुखि, वदाम, सिमी, जौ, कोदो, फापर, उवा, कागुनो, मास, भट्टमास, गहत, मसुरो र मस्याङ्ग खेती विस्तार गर्नुपर्नेछ। |

आवश्यक कागजातहरुः-

- कृषि फर्म/कृषक समूह/कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
- सम्वन्धिक कार्यक्रमको प्रस्ताव ढाँचा तथा रु.१० को हुलाक टिकट सहितको निवेदन
- सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
- गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
- कृषक समूह/सहकारीको हकमा वैठकको निर्णयको प्रतिलिपि
- व्यक्ति कृषकको हकमा नागरिकताको प्रतिलिपि तथा कृषक परिचयपत्रको प्रतिलिपि
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० वर्षको लागि करार सम्झौता गरेको प्रमाणको प्रतिलिपि

.............................................
परशुराम अधिकारी
परशुराम अधिकारी
कार्यालय प्रमुख

थप जानकारीको लागि ९८४६५७८६८४ वा कार्यालयको स.नं ०६४-४२०११३ वा ९८५६०३०६४९ मा सम्पर्क गर्न सकिनेछ।